बागमती प्रदेश सरकार

खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय

# खानेपानी तथा सरसफाइ डिभिजन नं. ३ सिन्धुपाल्चोक

## विभिन्न खरिद कार्यको दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१८

यस कार्यालय अन्तर्गत सञ्चालित विभिन्न खानेपानी आयोजनाहरूमा चालू आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न खरिद कार्य दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त दरभाउपत्र दाताहरूबाट निम्न सर्तको अधीनमा रही प्रत्येक प्याकेजका लागि छुट्टाछुट्टै दरभाउपत्र आह्वान गरिएको छ।

१. यो सूचना प्रकाशित मितिले दरभाउ पत्रको हकमा सातौं दिनसम्म कार्यालय समयभित्र चालू आ.व.का लागि नवीकरण भएको इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र संलग्न राखी दरभाउपत्र खरिदको निवेदन साथ तपसिलमा उल्लिखित राजस्व दस्तुर बुझाई (फिर्ता नहुने गरी ) दरभाउपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालय, सिन्धुपाल्चोकबाट खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र सूचना प्रकाशित मितिले आठौं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ।

३. दर्ता भएका दरभाउपत्र सूचना प्रथम पटक प्रकाशित मितिले ८औं दिन दिनको १.०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. दरभाउपत्र जमानत बापतको रकम तल उल्लिखित तालिकामा उल्लेख भए बमोजिम प्रदेश लेखा एकाइ कार्यालयको एकल कोष धरौटी खाता नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चौतारामा रहेको कार्यालयको कोड नं. ३१३०२२७०१३ धरौटी खाता नं. ०५७०२००००२००३००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम दिनले कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ।

६. दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर अङ्क र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अङ्कबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. म्याद नाघी आएको, रीत नपुगेको र सर्त राखिएको दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन। एच.डी.पी. पाइपको हकमा इजाजत प्राप्त निर्माता वा निर्माता कम्पनीबाट एकलौटी अधिकार प्राप्त फर्महरूबाट मात्र दरभाउपत्र खरिद गर्ने र दाखिला गर्न पाउनेछ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. सूचनामा नपरेका कुराहरू सार्वजनिक खरिद ऐन, ०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ। अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १६/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाका लागि एच.डी.पी.ई. पाइप सप्लाई गर्ने कार्य | १६,९५,०००।०० | १,०००।- | ५०,०००।- | दरभाउपत्र |
| १७/०८२/८३ | सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाका लागि एच.डी.पी.ई. पाइप सप्लाई गर्ने कार्य | १७,२०,०००।०० | १,०००।- | ५०,०००।- | दरभाउपत्र |
| १८/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाका लागि एच.डी.पी.ई. पाइप सप्लाई गर्ने कार्य | १६,६०,५००।०० | १,०००।- | ५०,०००।- | दरभाउपत्र |
| १९/०८२/८३ | काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाका लागि एच.डी.पी.ई. पाइप सप्लाई गर्ने कार्य | १७,४५,३५०।०० | १,०००।- | ५०,०००।- | दरभाउपत्र |